२०६८।०६।२९

# प्रेस विज्ञप्ती

विश्वभर रहेका आफ्ना उपभोक्ताहरुलाई सहुलियतपूर्ण दरमा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउने क्रममा नेपाल टेलिकमले कतारको दोहामा Multi Service Point of Presence (POP) स्थापना गर्न लागेको छ । POP स्थापना पछि अन्तर आवद्धता क्षमतामा व्यापक बृद्धि हुनेछ ।

यस सम्बन्धमा नेपाल टेलिकम र कतार टेलिकमका बीच आज मिति २०६८ असोज २९ गते सम्झौता सम्पन्न भएको छ । सो सम्झौता पत्रमा नेपाल टेलिकमका तर्फबाट कम्पनीका प्रबन्ध निर्देशक अमरनाथ सिंह र कतार टेलिकमका अन्तर्राष्ट्रिय सेवाका प्रमुख कार्यकारी अधिकृत अहमद युसुफ इब्राहिम एम अल दर्बेष्टीले हस्ताक्षर गर्नुभयो ।

सम्झौता पत्रमा हस्ताक्षर गर्न आयोजित कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले कतार टेलिकम र नेपाल टेलिकमबीच सम्पन्न यस सम्झौताबाट दुई कम्पनीबीचको व्यापार प्रबर्द्धन हुनुका साथै यसबाट मध्यपूर्वका मुलुकहरु साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन तथा कुबेतमा रहेका नेपाली तथा नेपालमा कुरा गर्न चाहने अरु उपभोक्तालाई सहज मूल्यमा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउन सहयोग पुग्ने बताउनुभयो । यसका साथै मध्यपूर्वमा नेपाल टेलिकमको पूर्वाधार रहने र यसमार्फत ती क्षेत्रका टेलिकम कम्पनीबीच सिधा अन्तरआबद्धता स्थापित गर्न सहयोग पुग्ने उहाँले उल्लेख गर्नुभयो ।

यसैगरी कतार टेलिकमका अन्तर्राष्ट्रिय सेवाका प्रमुख कार्यकारी अधिकृत अहमद युसुफ इब्राहिम अल दर्वेष्टीले यस सम्झौताले कतारमा रहेका आप्रवासी नेपालीलाई गुणस्तरीय दूरसञ्चार सेवा सुपथ मूल्यमा उपलब्ध गराउन सकिने बताउनुभयो । नेपाल टेलिकम केन्द्रीय कार्यालयमा सम्पन्न सो सम्झौता कार्यक्रममा सहभागीहरुलाई कम्पनीका व्यापार व्यवस्थापन विभागका नायब प्रबन्ध निर्देशक सुरेन्द्र प्रसाद थिकेले स्वागत गर्नु भएको थियो ।

सो POP पूर्ण सञ्चालनमा आएपछि मध्यपूर्वका कतारलगायत अन्य मुलुकहरु साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन तथा कुबेतमा रहेका दूरसञ्चार कम्पनीसँग नेपाल टेलिकमको सिधा सम्पर्क स्थापित गर्न सहयोग पुग्नेछ । मध्यपूर्वका उल्लेखित मुलुकहरु बैदेशिक रोजगारीमा जाने नेपालीहरुको मुख्य गन्तव्यका रुपमा रहेका छन ।

नेपाल टेलिकम र कतारको दूरसञ्चार सेवाप्रदायक कतार टेलिकमबीच अन्तर आबद्धता कायम गरी सहुलियत दरमा अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा सञ्चालन गर्ने विषयमा २०६७ फागुन २४ गते औपचारिक सम्झौता भई सेवा सञ्चालनमा आइसकेको छ । सीधा सर्किट स्थापना गरेर अन्तरआवद्धता गरेपछि सेवाको गुणस्तर बृद्धि हुनका साथै सहुलियतपूर्ण महसुल दरमा सेवा उपलब्ध गराउन सहज भएको छ ।

सुरेन्द्र प्रसाद थिके

प्रवक्ता

नेपाल टेलिकम